# कोशी गाउँपालिका
## कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी
१ नं.प्रदेश, नेपाल
(प्रशासन शाखा)

आ.व २०७८/७९मा आन्तरिक आय संकलन गर्ने ठेक्का बन्दोबस्त सम्बन्धी
बोलपत्र आह्वान
प्रथम पटक प्रकाशित: २०७८/४/२१ गते

कोशी गाउँपालिकामा निम्न अनुसार श्रोतबाट प्राप्त हुने आन्तरिक आय संकलन आ.व. २०७८/७९ को लागि यस गाउँपालिकाबाट निकासी हुने मवेशी निकासी कर संकलन ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकोले तपसिल बमोजिमको शर्तको अधिनमा रहि इच्छुक व्यक्ति, फर्म संस्थाहरुबाट ७ दिन भित्र ठेक्काको बोलपत्र/निवेदन यस गाउँकार्यपालिकाको कार्यालयमा तोकिएको मितिमा दाखिला गर्न यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

ठेक्काको विवरण एवं शर्तहरु :

१. ठेक्काको नाम : यस गाउँपालिकाबाट निकासी हुने मवेशी निकासी कर संकलन।
२.न्यूनत्तम कबुल रकम रु.१०००००।(एक लाख )।
३.ठेक्का स्वीकृत भए पश्चातस्वीकृत भएको ७ दिन भित्र कबुल रकम एकमुष्ट नगद जम्मा गर्नुपर्ने छ। अन्यथा सम्झौता गरिनेछैन।
४. बोलपत्रसाथ बोलपत्रदाताको नेपाली नागरिकताको प्रतिलिपि र फर्म वा संघ संस्था भए कार्यालयको प्रमाणित कागजात अनिवार्य संलग्न गर्नुपर्नेछ।
५. प्रत्येक ठेक्काको लागि तोकिएको बोलपत्र फारम दस्तुर(फिर्ता नहुने) गरि तिरी कोशी गाउँपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ।
६. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार कोशी गाउँपालिकामा सुरक्षित रहनेछ।
७. बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।
८. शिलबन्दी बोलपत्र सूचिमा सूचना प्रकाशन भएको मितिले ८ औ दिनको १ बजेभित्र दर्ता गर्न सकिनेछ।
९. दर्ता भएको शिलबन्दी बोलपत्रहरु ८ औ दिनको ३ बजे खोलिने छ।
१०. बन्द हडताल अन्य मानव सिर्जित कारणहरुबाट कर छुट र मिन्हा गर्ने छैन।
११. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।
१२. अन्य थप जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

कोशी गाउँपालिकाको कार्यालय
लौकही, सुनसरी
प्रमुख प्रशासकीय अधिकृत